# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः-२०७८।०७९ मिति २०७८।०७।२६

चलानी नं.३८४

## आँधिखोलामा ढुंगा गिट्टी बालुवा संकलन र विक्री वितरण सम्बन्धी सार्वजनिक सूचना

प्रकाशन मिति २०७८।०७।२६

भीरकोट नगर कार्यपालिकाको ८१ औ बैठकको निर्णयानुसार भीरकोट नगरपालिका क्षेत्र भित्रको आँधिखोलामा ढुंगा, गिट्टी, बालुवा संकलन र विक्री वितरण गर्ने कार्यका लागि भीरकोट नगरपालिका भित्रका टयाक्टर व्यवसायीहरुले तपसिलका बुँदाहरुको अधिनमा रही ढुंगा गिट्टी बालुवा संकलन र ढुवानी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. निर्माण सामाग्री उठाउनु पूर्व आफुले तिर्नु पर्ने रकम रु ५०,०००/- (२२ दिनको) भीरकोट नगरपालिकाको राजश्व खातामा जम्मा गरी सोको भौचर नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ साथै तोकिएको अवधीभन्दा कम अवधीको (दिन) उत्खनन् तथा ढुवानी गरेको भनी रकम फिर्ता हुनेछैन ।

२. तोकिएको रकम जम्मा गरेका टयाक्टर व्यवसायीहरुलाई मिति २०७८।०८।०३ गतेबाट २०७८।०८।२४ गते सम्म भीरकोट नगरपालिका क्षेत्र भित्र पर्ने आँधिखोलाको ल्याण्ड फिल्ड साइड देखि ओढारे सम्म र गेजावासको झलुङ्गे पुल देखि पुतलीबजार नगरपालिकाको सीमाना सम्म ढुंगा, गिट्टी, बालुवा उत्खनन् र ढुवानी गर्ने अनुमती दिइनेछ।

३. निर्माण सामाग्री उठाउन मेसिनरी औजार (लोडर, डोजर) को प्रयोग गर्न पाइने छैन । एउटा टयाक्टरमा चालक सहित ३ जना ज्यामीले मात्र लोड गर्न पाइने छ ।

४. निर्माण सामाग्री उठाउदा विहान ७ बजे देखि बेलुका ५ बजे सम्म मात्र उठाउनु पर्ने छ यसरी उठाएको निर्माण सामाग्री आँधिखोला किनार देखि ३०० मिटर टाढा भण्डारण गर्नु पर्नेछ ।

५. आँधिखोलामा बगेको पानी भित्र रहेका निर्माण सामाग्रीहरु उठाउन पाइने छैन ।

६. आँधिखोलामा निर्माण भएका भौतिक संरचनाहरु (पुल,झोलुङ्गे पुल, तटबन्धन) मा असर पर्ने गरी निर्माण सामाग्री उठाउन पाइने छैन ।

७. तोकिए बमोजिमको रकम दाखिला भए पछि सामाग्री निकासी अनुमती पत्र (स्टिकर) उपलब्ध गराउने छ। उक्त स्टिकर लगाएका ढुवानी साधनले मात्र निर्माण सामाग्री उठाउन र ढुवानी गर्न पाउनेछन ।

८. तोकिए बमोजिमको शुल्क नबुझाउने, मादक पदार्थ सेवन गरी होहल्ला गर्ने वा यस सम्झौतामा उल्लेख भएको सर्तहरुको पालना नगर्ने व्यवसायीहरुलाई कानून बमोजिम दण्ड सजाय गरीनेछ ।

९. हाललाई भीरकोट नगरपालिका क्षेत्र भित्रका टयाक्टर व्यवसायीहरुले मात्र निर्माण सामाग्री उठाउन भण्डारण र ढुवानी गर्न पाउने छन ।

(खुमलाल भुसाल)

प्रमुख प्रशासकीय अधिकृत


वेबसाईटः- www.bheerkotmun.gov.np, इमेलः- info@bheerkotmun.gov.np

फोनः- ०६३४००१०६, ०६३४००१७७, फ्याक्सः- ०६३४००१७७

सामाजिक संजालः- bheerkotmun, Bheerkot Municipality